स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं ।

- लोकतन्त्रको संरक्षण र प्रवर्द्धन गर्न हातेमालो गरौं ।
- राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खवरदारी गरौं ।
- कानूनी शासन सुनिश्चित गरौं ।
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं ।
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य पालना गरौं ।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढिकरणमा योगदान गरौं ।



दयाहाङ राईले करिअरमा ५० भन्दा बढी फिल्ममा अभिनय गरिसकेका छन् । र, अन्तर्राष्ट्रिय फेस्टिभलमा उनकै फिल्म बढी पुगेका छन् । 'सेतो सूर्य', 'कबड्डी', 'लुट', 'जारी' जस्ता यादगार फिल्ममा काम गरेका उनी यतिबेला कुनै फिल्मलाई लिएर उत्साहित छन् भने त्यो 'गाउँ आएको बाटो' हो । यसलाई उनी आफ्नो करिअरको उत्कृष्ट फिल्म मान्दछन् । यो फिल्ममा काम गर्दा लोभ पनि लागेको र आँट पनि गर्न नसकेको उनको अनुभव छ ।

आजको विचार...



केशव आचार्य

सरकार...

(दुई पेजमा)



लक्ष्मण सुवेदीको निर्देशनमा तयार भएको फिल्म "सतीदेवी"को दोस्रो चरणको पोस्टर सार्वजनिक गरिएको छ । पोस्टरमा अभिनेत्री मलिका महत बच्चालाई स्तनपान गराइरहेको अवस्थामा चित्रित छन् । उनी गम्भीर भावमा देखिएकी छन् ।

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

❐ वर्ष २९ ❐ अंक २९८ ❐ २०८१ जेठ १५ गते मंगलबार 28 May 2024, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## गणतन्त्रका १६ वर्ष

# व्यवस्था फेरिए पनि अवस्था उस्तै

रामचन्द्र रायमाझी —

**पाल्पा,** जेठ १५/२०६५ जेठ १५ गते देशमा गणतन्त्र आउँदा रिब्दीकोटका बाले विक आरानमा फलाम थिच्दै थिए । फलामका औजार बनाउने पुर्खयौली पेसा भएको परिवारका उनीमा त्यति राजनीतिक चेत थिएन, तर २२ वर्षे जवानमा उनी पनि गणतन्त्र ल्याउन भन्दै गाउँलेहरुसँगै आन्दोलनमा होमिएका थिए । पछि देशमा गणतन्त्र आएको सुने । गणतन्त्र आएपछि देश र जनताको अवस्था फेरिने उनले सुनेका थिए । तर विकले सुनेको कुरा कहिल्यै साँचो लागेन । अहिले पनि उनी त्यही पूर्खौली पेशा गर्दै आएका छन् । बगनासकाली घोरबन्दाका ५८ वर्षीय माने कुमाल पनि गणतन्त्र घोषणा हुँदा बारी जोत्दै थिए । घरमा आएपछि देशमा गणतन्त्र आएको उनले सुने । गणतन्त्र आएपछि जीवन बदलिने सोचेका उनी अहिलेसम्म पनि त्यही हलो जोतेरै जीवन चलाउदै आएका छन् । 'न हाम्रो काम फेरियो, न त हाम्रो स्थिति फेरियो,' उनले भने, 'जस्तो हाम्रो पुर्खाको अवस्था थियो, हाम्रो पनि त्यस्तै रह्यो ।' खेती किसानीमा मल तथा विउबिजनको समस्या पहिले पनि उस्तै रहेको र अहिले पनि उस्तै रहेको कुमालले सुनाए ।' पैसा भए केही सजिलो हुने




रहेछ,' उनले भने, 'नभए जुन व्यवस्था आए पनि जनताको पीडा उस्तै हुँदो रहेछ ।' उनीहरुसँगै धेरैले व्यवस्था परिवर्तनले जीवनमा खासै प्रभाव नपारेको बताउँछन् । मुलुकमा गणतन्त्र आएको १६ वर्ष पूरा भएको छ । तर, जनताको लामो संघर्ष र बलिदानपछि मुलुकमा गणतन्त्र घोषणा हुँदा/गर्दा जुन खालको उत्साह थियो, त्यसपछिको राजनीतिक खिचातानी जनतालाई निरुत्साहित बनाउने किसिमको छ । गणतान्त्रिक पद्धतिमा प्रवेश गर्दा पनि मुलुकले समृद्धिको बाटो पक्रन सकेको छैन, जसले गर्दा आमजनताको जीवनशैली बदलिएन । त्यसैकारण पनि जनतामा उतिबेला देखिएको आशा र उत्साह निराशामा बदलिएको हो । दसवर्षे जनयुद्धको जगमा तत्कालीन सात दल र नेकपा माओवादीले २०६२/६३ मा गरेको उन्नाइसदिने संयुक्त जनआन्दोलनपछि नेपालबाट राजसंस्थाको उन्मूलन भयो । २०६५ जेठ १५ गते नेपाललाई संघीय राज्य गणतन्त्रको घोषणा गरिएको थियो । गणतन्त्र आएको आज १७ औं वर्षमा प्रवेश गरेको छ । यो अवसरमा देशभर विभिन्न कार्यक्रम गरी गणतन्त्र दिवस मनाईदै छ । तर, जनताको लामो संघर्ष र बलिदानपछि मुलुकमा गणतन्त्र घोषणा हुँदा/गर्दा जुन खालको उत्साह थियो, त्यसपछिको राजनीतिक खिचातानी जनतालाई निरुत्साहित बनाउने किसिमको छ । गणतान्त्रिक पद्धतिमा प्रवेश गर्दा पनि मुलुकले समृद्धिको बाटो पक्रन सकेको छैन, जसले गर्दा आमजनताको जीवनशैली बदलिएन ।

...बाँकी अन्तिम पेजमा

## संक्षिप्त समाचार

### बाढीका कारण १६ जनाको मृत्यु

(रासस/एएनआई) —

**काबुल,** जेठ १४/अफगानिस्तानको बाघलान र बदख्सान प्रान्तमा हालै आएको बाढीमा १६ जनाको मृत्यु भएको टोलो न्यूजले जनाएको छ । प्रभावित प्रान्तका स्थानीय अधिकारीहरूका अनुसार बाढीमा पाँच सय घरमा पूर्ण वा आंशिक रूपमा क्षति भएको छ । टोलो न्यूजका अनुसार बाढीले डान्ड-ए-घोरी, दोसी, पुल-ए-खुमरी सहर, मध्य बदख्सानको मोरचक र यी प्रान्तका अन्य भागहरूमा असर पारेको स्थानीय अधिकारीहरूले बताएका छन् । बाघलान प्रहरी कमान्डका प्रमुख अब्दुल गफुर खादेमले आइतबार राति ठूलो बाढी आँउदा बाघलान प्रान्तको दोसी जिल्लाको लारखाब क्षेत्रमा व्यापक क्षति भएको बताए । उनका अनुसार लर्खाबमा तीन बालबालिका एक महिला र दुई पुरुषसहित लगभग पाँच जनाको मृत्यु भएको छ भने ३०० भन्दा बढी घरहरू ध्वस्त भएका छन् । तालिबानद्वारा बदख्सानमा प्राकृतिक विपद् व्यवस्थापनका प्रमुख मोहम्मद कामगरलाई उद्धत गर्दै बाढीका कारण एकै परिवारका दश जनासहित एघार व्यक्ति घाइते भएको टोलो न्यूजले जनाएको छ । यसैबीच, बाढीका कारण सम्पत्ति गुमाएका धेरै परिवारहरूले सहायताको आगमनमा ढिलाइ भएको भन्दै सरकारको आलोचना गरेका छन् । पिडित परिवारले सरकार र सहायता निकायबाट तत्काल सहयोगको माग गरेका छन् । अफगानिस्तानका विभिन्न भागमा गएको हप्तामा आएको विनाशकारी बाढीमा तीन सय भन्दा बढीको मृत्यु भएको छ ।

## गणतन्त्र दिवस भव्यरुपमा मनाऔं

लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं ।

संघ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# प्रेस युनियनको स्थापना दिवस : पत्रकार पुगे फलफूल लिएर अस्पताल

**पाल्पा,** जेठ १४/प्रजातन्त्रवादी पत्रकारहरुको साझा संगठन नेपाल प्रेस युनियन पाल्पाले ३३ औं स्थापना दिवस पाल्पा अस्पतालमा पुगेर मनाएको छ । युनियनले अस्पतालमा उपचारत विरामीहरुलाई फलफूल वितरण गरेर दिवस मनाएको हो ।


फलफूल लिएर युनियनमा आवद्ध पत्रकारसँगै नेपाली काँग्रेसका नेताहरु त्यहाँ पुगेका हुन् । श्रमजीवी पत्रकारहरुको हकहित र संरक्षणका लागि २०४८ जेठ १३ गते स्थापना भएको युनियनले त्रिदिवसीय कार्यक्रम अन्तर्गत सोमबार अस्पतालमा फलफूल वितरण गरेको हो । विरामीहरुको शिघ्र स्वास्थ्य लाभको कामनासँगै उनीहरुसँग माया र सद्भाव साट्ने उद्देश्यले अस्पतालमै पुगेर स्थापना दिवस मनाइएको युनियनका जिल्ला अध्यक्ष मन गहिरेले बताईन् ।

पत्रकारसँगै अस्पताल पुगेका नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले पत्रकारले विरामीहरुप्रति देखाएको सद्भाव प्रशसनिय रहेको बताए । उनले आवाजविहीनहरुको आवाजलाई कलमको माध्यमबाट सम्बन्धित



निकायमा पुऱ्याउने काम गर्दै आएका पत्रकारहरु अस्पतालमै पुगेर कार्यक्रम आयोजना गर्नु आफैमा अनुकरणीय कार्य रहेको बताएका छन् । उनले लोकतन्त्र स्थापनामा पत्रकारहरुले खेलेको भूमिकाको स्मरण गर्दै नेपाली काँग्रेस सधै प्रेस स्वतन्त्रताको पक्षमा रहेको पत्रकारहरुसँगको अनौपचारिक भेटमा बताए । प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्याल, नेपाली काँग्रेस पाल्पाका उपसभापति तथा युनियन पाल्पाका संस्थापक सभापति झपेन्द्र गहिरे, युनियनका सल्लाहकार तथा काँग्रेस गुल्मीका सचिव जगदीश भट्टराई, काँग्रेस पाल्पाका प्रवक्ता शोभाखर न्यौपाने, काँग्रेस पाल्पा क्षेत्र नं १ का क्षेत्रिय सभापति झमनबहादुर राजमगर, नेपाल पत्रकार महासंघका उपाध्यक्ष तथा युनियन जिल्लाका निवर्तमान अध्यक्ष भरत शर्मा, नेपाल ट्रेड युनियन काँग्रेसका सभापति निलकण्ठ देवकोटा, जेसिज पाल्पाका अध्यक्ष अर्जुन कार्की लगायत प्रेस युनियनमा आवद्ध पत्रकारहरु अस्पताल पुगेका थिए । अस्पतालकी सूचना अधिकारी प्रमिला पाठकले पत्रकारहरुले अस्पतालमै आएर विरामीहरुको अवस्थाका बारेमा जानकारी लिनुको साथै फलफूल वितरण गरेर उनीहरुप्रति देखाएको माया र सद्भावको प्रशंसा गर्दै धन्यवाद दिईन् । युनियनले हरेक वर्ष स्थापना दिवस विरामी, श्रमिक, असहाय, अशक्त र वृद्धवृद्धाहरुसँग बसेर मनाउँदै आएको युनियनका उपाध्यक्ष रामचन्द्र रायमाझीले बताए । उनले भने 'जहिले पनि यि वर्गका व्यक्तिहरु पत्रकारको प्राथमिकतामा पर्ने भएकाले पनि युनियनको स्थापना दिवस उहाँहरुसँगै बसेर मनाउने गरेका हौं ।' आगामी दिनमा पनि रचनात्मक कार्यक्रमहरु गर्दै जाने उपाध्यक्ष रायमाझीले बताए ।

सन्तोष चलचित्र मन्दिरमा...



जेठ १० गतेदेखि भव्यताका साथ प्रदर्शन भइरहेको सुपरहिट नेपाली चलचित्र '**फर्किफर्कि**' र नेपाल अधिराज्यभर अपार सफलतापूर्वक सञ्चालनमा आएको चलचित्र '**पुजार सार्की**' चलिरहेको जानकारी गराउँदछौं । उक्त चलचित्र हेर्न स-परिवार पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहुन अनुरोध गर्दछौं।

शो समय :

**फर्किफर्कि :** *पहिलो शो : ११:३० बजे*

**पुजार सार्की:** *दोस्रो शो : २:३० बजे र साझ ५:३० बजे*

*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

टिकट बुकिङ नं. : ९८४७३९८५५९

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# गणतन्त्र दिवस र यसको सार्थकता

संघीय लोकतान्त्रिक गणतन्त्र दिवस नेपालको राजनीतिक इतिहासमा एउटा युगान्तकारी र ऐतिहासिक दिन हो । यो हरेक वर्षको जेठ १५ अर्थात् आजको दिन यो दिवस मनाउने गरिन्छ । नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट २४० वर्षे जहानिया शासनको अन्त्य गर्दै जनताको जीत भएको दिन । आज हामीले १७ औँ गणतन्त्र दिवस मनाउँदै गर्दा विसं २००७ सालदेखिका संघर्षहरुको पुनःस्मरण गर्नुपर्ने हुन्छ । २०६२/६३ को जनआन्दोलनपछि गठित संसदको ०६५ जेठ १५ गते बसेको पहिलो बैठकले नेपाललाई औपचारिक रुपमा संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको घोषणा गरेको थियो । राजसंस्था अन्त्य गर्दै गणतन्त्र घोषणा गरिएको यस दिनको सम्झनामा हरेक जेठ १५ लाई गणतन्त्र दिवसको रुपमा मनाइँदै आएको छ । तर, १५ जेठको यो चरणमा नेपाली राजनीति आइपुग्नुमा ००७ सालपछि पटक–पटक भएका राजनीतिक संघर्षहरूको देन पनि उत्तिकै छ ।

राजाबाट खोसेर जनता आफैँले निर्माण शुरु गरेको नयाँ नेपालको खाकामा क्रमशः रङ भरिँदै गएको छ । यद्यपि, जनताका अपेक्षा सबै पूरा हुनससकेका छैनन् । त्यसलाई क्रमशः पूरा गर्ने दायित्वसमेत राजनीति दलकै काँधमा छ । आर्थिक समृद्धिसहितको विकासले मात्रै जनताले बगाएको रगतपसिनाले सार्थकता पाउनेछ । तर अहिलेसम्म त्यसो हुन सकिरहेको छैन । जनआन्दोलनमा व्यक्त जनताको त्याग र बलिदानले स्थापित गरेको उपलब्धि सैद्धान्तिक रुपमा कार्यान्वयन भए पनि राजनीतिक दलले त्यसलाई व्यावहारिक रुप दिन अझै सकेका छैनन् । यो अत्यन्त दुखको कुरा हो । जनस्तरमा महशुस हुने गरी गणतन्त्र फस्टाउन नसक्नु दलहरुकै कमजोरी हो । गणतन्त्र दिवस मनाउनु राम्रो कुरा हो । तर, गणतन्त्रलाई जनताको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अनुवाद गर्ने कुरा चानचुने छैन । गणतन्त्र दिवस मनाउँदैमा गणतान्त्रिक मन र मस्तिष्क हुँदैन, गणतान्त्रिक आदर्श हुन सक्दैन । आचरण र व्यवहार गणतान्त्रिक हुनुपर्छ । यसो भयो भने मात्र हरेक वर्ष गणतन्त्र मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

## Opinion @ Social Network

पेट पाल्नको लागि पसिना बगाउने र
पेट घटाउनको लागि पसिना बगाउनेमा धैरै फरक हुन्छ नि महोदय
*(माधव गैरेकोफेसबुकस्टाटस https://www.facebook.com/Madhav.gaire)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सरकारको गरिबी घटाउने योजना विफल !



केशव आचार्य

*भूकम्पका कारण गरिबी घटाउन सकिएन भन्ने तर्कमा खासगरी न्यायसंगत देखिँदैन । किनभने भूकम्पले प्रभाव नपारेको क्षेत्रमा गरिबी किन उल्लेख्य रुपमा घटेन त ? त्यसैगरी सरकारले बढी प्राथमिकता दिएका क्षेत्रमा किन गरिबीको दर उच्च छ ? सरकारले तथ्यांकको विश्लेषण गरी गरिबी न्यूनीकरणमा नयाँ ढंगले कार्यक्रम ल्याई कार्यान्वयनमा लैजान जरुरी देखिन्छ । हिजोआज गरिबका नाममा तय भएको सहयोग विभिन्न बाहनामा पँहुचवालाले हड्पिरहेको पाइन्छ । गरिबलाई नै भजाएर राजनीतिक उद्देश्य पूरा गर्ने योजनामा राजनीतिक निकाय संलग्न देखिन्छन् । वास्तविक गरिब राजनीतिक वृत्तबाट टाढा छन् । सरकार यिनको समस्या समाधान गर्न तत्पर नदेखिएको हो कि विषय गम्भीर बन्दै गइरहेको छ ।*

नेपाल जीवनस्तर सर्वेक्षण २०७९/०८० को अनुसार हाल नेपालमा २०.२७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको देखाएको छ । सरकारले हरेक वर्ष गरिबी न्यूनीकरणका लागि विभिन्न अभियान नै सञ्चालन गर्दै आइरहेको छ । तर, डेढ दशकमा गरिबी न्यूनीकरण अघिल्लो दशकको तुलनामा निकै कम देखिनुले सरकारको योजना सफल बन्न सकेको छैन । विसं २०७८ को जनसंख्या अनुसार नेपालमा साढे ५८ लाख नेपाली गरिबीको रेखामुनि छन् । सरकारले गरिबी निवारणलाई उच्च प्राथमिकता दिने दाबी गर्दै आए पनि यसबाट राजनीतिक गतिरोध र अस्थिरताले विकासको दर प्रभावित हुनुका साथै गरिबी न्यूनीकरणमा समेत असर परेको देखिन्छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले प्रतिवर्ष प्रतिव्यक्ति ७२ हजार ९०८ रुपैयाँभन्दा कम खर्च गर्ने नागरिकलाई गरिबीअन्तर्गत वर्गीकरण गरेको हो । तेस्रो सर्वेक्षणका बेला गरिबीको रेखा प्रतिवर्ष प्रतिव्यक्ति खर्च १९ हजार २ सय ६१ रुपैयाँ 'हालको मूल्यमा ४२ हजार ८ सय ४५' कायम गरिएको थियो । विभिन्न क्षेत्रमा हुने खर्च, खाद्य वस्तुको उपभोगमा आएको परिवर्तन आदिलाई हेरेर यो खर्चको सीमा बढाउने गरिन्छ । तथ्यांक कार्यालयले १५ वटा क्षेत्रको विश्लेषणका आधारमा गरिबीको रेखा तयार गरेको हो ।

गरिबीको मापनका आधार परिवर्तन गरिएकाले पनि गरिबीको दर कम घटेको देखिन्छ । तैपनि पछिल्लो १४ वर्षमा गरिबी ५.१३ प्रतिशत बिन्दुले मात्रै घट्नुलाई उल्लेख्य सफलता भने मान्न सकिन्न । २०६६/०६७ मा सार्वजनिक जीवनस्तर सर्वेक्षणले नेपालको गरिबी २५.१६ प्रतिशत रहेको देखाएको थियो । अर्थात्, यो डेढ दशकमा गरिबीको दर जम्मा ५.१३ प्रतिशत बिन्दुले मात्रै घटेको देखिन्छ । पञ्चायती व्यवस्थाको अन्त्य २०४६ मा कूल जनसंख्याको ४२ प्रतिशत नागरिक गरिबीको रेखामुनि रहेकामा २०६९ मा आइपुग्दा २३.८ प्रतिशतमा झरेको थियो । २०६२/०६३ देखि २०६९/०७० सम्म हरेक वर्ष १ प्रतिशत बिन्दुका हाराहारीमा मात्रै गरिबी न्यूनीकरण भएको योजना आयोगको तथ्यांक छ । पछिल्लो समयमा भने यो दर वार्षिक औसत ०.३५७ प्रतिशत बिन्दुमात्रै छ । त्यसैले नेपालको गरिबी न्यूनीकरण कार्यक्रम असफल भएको मान्न सकिन्छ । राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिस्थितिका कारण नेपालले गरिबी न्यूनीकरणमा अपेक्षित प्रगति गर्न नसकेको पाइन्छ ।

तर, गरिबी न्यूनीकरण सुस्त हुनुमा राजनीतिक नेतृत्वको कार्यक्षमता र कार्यशैली जिम्मेवार देखिन्छ । नेपालमा अवस्थित गरिबी शहरको तुलनामा गाउँघरमा बढी छ । गरिबी शहरी क्षेत्रमा १८.३४ प्रतिशत र ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत छ । नेपालको गरिबी विषमता सूचक ४.५२ प्रतिशत रहेको देखिन्छ । यो विषमता पनि ग्रामीण क्षेत्रमा ५.६४ र शहरी क्षेत्रमा ४.०३ प्रतिशत छ । गरिबहरूका बीचमा रहेको असमानतालाई देखाउन गरिबीको गहनता मापन गरिन्छ । यस्तो गहनता शहरी क्षेत्रमा १.२९ प्रतिशत रहेको छ भने ग्रामीण क्षेत्रमा १.९१ प्रतिशत देखिन्छ । असमानतालाई मापन गर्ने गिनी सूचकांक ०.३० छ । यो असमानता ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा बढी देखिन्छ । गिनी सूचकको मान शून्यदेखि एकसम्म मापन गरिन्छ । यो मान शून्य भएमा पूर्ण समानता भएमा पूर्णअसमानता भएको मानिन्छ । प्रदेशगत रूपमा विश्लेषण गर्दा सुदूरपश्चिममा गरिबी धेरै रहेको देखिन्छ । सुदूरपश्चिममा गरिबीको दर ३६.१६ प्रतिशत छ । सबैभन्दा कम गरिबी बागमती प्रदेशमा छ जहाँ १२.५९ प्रतिशत गरिबी देखिन्छ । गरिबीको विषमताको दर र गहनता पनि सबैभन्दा बढी सुदूरपश्चिममै छ । घरपरिवारको आकारअनुसार गरिबीको तथ्यांक हेर्दा जति थोरै सदस्य त्यति नै कम गरिबी रहेको देखिन्छ ।

घरमूलीको शैक्षिकस्तरका आधारमा हेर्दा निरक्षर घरपरिवारमा गरिबी ३२.३२ छ । गरिबीको मापन आयस्तरबाट मात्र नभई मानव विकास सूचकहरूका माध्यमबाट हुन्छ । स्वास्थ्य र शिक्षामा पहुँच आदिले गरिबीमा प्रभाव पार्छ । पछिल्ला दिनमा नेपालले मानव विकास सूचकांकमा राम्रै सुधार गरिरहेको छ तर आयआर्जनको अवसरको पर्याप्त बनाउन नसकिँदा गरिबी न्यून हुन नसकेको हो । प्रतिवर्ष १ प्रतिशत पनि गरिबी घटाउन नसक्नु भनेको सरकारको सफलता होइन, असफलता मान्नुपर्छ । आर्थिक वृद्धिदरको अनुपातमा गरिबी घटाउनुपर्ने हो तर सकेको देखिँदैन । यो तथ्यांकले नेपालको आर्थिक विकासको गति र दिशामा प्रशस्त कमजोरी रहेको देखाउँछ । गरिबी कागजी प्रतिबद्धताले मात्र घटाउन सकिँदैन । वर्षौंदेखिको विभिन्न क्षेत्रमा प्राप्त गरेको सफलताले गरिबीदर घटाउन सकिने हो । यसले गर्दा कुनै एक सरकारले गरिबी घटाएको हो भनेर किटान गरिनु उपयुक्त हुँदैन । तर, विगत लामो समयदेखि नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी नै सत्तामा बसिरहेकाले गरिबी पर्याप्त नघट्नुमा यी सबै दल दोषी देखिन्छन् । उनीहरू देशको लक्षित समस्याको समाधानमा भन्दा व्यक्तिगत लक्ष्यमा बढी सक्रिय रहेको पाइएको छ । निकै वर्षअगिदेखि सरकारले विपन्न वर्गका लागि विभिन्न काम गर्दै आएको छ । गरिबी निवारणकै लागि वैदेशिक सहायता पनि लिन थालियो तर तिनले गरिबी घटाउन सकेन ।

आजसम्म जति गरिबी घटेको छ त्यो घटाउनमा विप्रेषण आयले प्रमुख रूपमा काम गरेको देखिन्छ । पछिल्लो समय नेपालीहरू विदेशिएको आधारमा जुन परिमाणमा विप्रेषण आय बढेको छ त्यो अनुपातमा गरिबी घट्न सकेको देखिँदैन । यसको असर तत्काल देखिन अलिक गाह्रो हुनसक्छ समय लाग्न सक्छ । त्यसैगरी लघुवित्त र सहकारीले पनि गरिबी न्यूनीकरणमा योगदान गरे तर भनेजती गर्न सकेनन् । गरिबी न्यूनीकरणका तथ्यांक सार्वजनिक भए पनि गरिबी घट्नुको कारण स्पष्ट खुलाइएन यसमा कुन कारणले गरिबी घटेको हो भनेर खुलाइनु पर्दथ्यो । यसको समेत तथ्यांक लिएको भए सरकारी प्रयासले कत्तिको कम गऱ्यो भनेर भन्न सकिन्थ्यो । जेजस्तो भए पनि नेपालले गरिबी न्यूनीकरणको क्षेत्रमा पर्याप्त काम गर्न नसकेको तथ्यांकले नै प्रष्ट्याइरहेको छ । सरकार दैविक प्रकोपलाई दोष दिँदै पन्छिन खोजिरहेको छ तर त्योमात्र कारक तत्व हो भन्न सकिने अवस्था छैन । भूकम्पका कारण गरिबी घटाउन सकिएन भन्ने तर्कमा खासगरी न्यायसंगत देखिँदैन । किनभने भूकम्पले प्रभाव नपारेको क्षेत्रमा गरिबी किन उल्लेख्य रूपमा घटेन त ? त्यसैगरी सरकारले बढी प्राथमिकता दिएका क्षेत्रमा किन गरिबीको दर उच्च छ ? सरकारले तथ्यांकको विश्लेषण गरी गरिबी न्यूनीकरणमा नयाँ ढंगले कार्यक्रम ल्याई कार्यान्वयनमा लैजान जरुरी देखिन्छ । हिजोआज गरिबका नाममा तय भएको सहयोग विभिन्न बाहनामा पँहुचवालाले हड्पिरहेको पाइन्छ । गरिबलाई नै भजाएर राजनीतिक उद्देश्य पूरा गर्ने योजनामा राजनीतिक निकाय संलग्न देखिन्छन् । वास्तविक गरिब राजनीतिक वृत्तबाट टाढा छन् ।

सरकार यिनको समस्या समाधान गर्न तत्पर नदेखिएको हो कि विषय गम्भीर बन्दै गइरहेको छ । गरिबलाई धनी बनाउने कार्यक्रमले राजनीतिक मुद्दा प्रभावित बन्ने, आश्वासनमा गरिबलाई प्रयोग गरी चुनावी उद्देश्य पूरा गर्न सहज हुने अभिप्रायले राजनीतिक दलहरू गरिबलाई धनी बनाउन चाहँदैनन् । तथ्यांकीय चलखेल गरी गरिबी घटेको देखाएर गरिबलाई गरिबीतर्फ नै धकेलिएको छ । तथ्यांकीय तोडमोडले गरिबी घटेको देखाउँदैमा आमनेपाली नागरिकको जीवनस्तरमा सुधार हुँदैन । समृद्ध नेपाल सुखी नेपालीको मीठो नारा किताबका कुनामा मात्र सीमित छ । यसलाई पूरा गर्न गरिबमुखी कार्यक्रम छैन । ग्रामीण किसानको लक्ष्य, उद्देश्य, समस्या, समाधान र अवसरको बारेमा कहिल्यै अध्ययन अनुसन्धान भएन । गरिबी घटाउनकै लागि भूमि व्यवस्थापन, वितरण आयोग बनाइन्छ तर आयोगकै पदाधिकारी र आफन्त गरिब बनेर खडा भएका हुन्छन् । व्यवस्था गर्ने निकाय नै अव्यवस्थित, निकम्मा हुँदा वास्तविक गरिब छायाँमा छन् । वास्तविक राष्ट्रियताको अनुभूति तिनै गरिबमा पाउन सकिन्छ । मानिस खुशीले नभई बाध्यताले गरिब हुने हो । उनीहरूमा सत्यताको बोध छ सिधा छन् । तिनै माथिको कुठाराघात परनिर्भरताको परिचायक हो ।

नीतिगतभन्दा व्यावहारिक कमीकमजोरीले गरिब झनै गरिबीतिर धकेलिँदै गइरहेका छन् भने उनीहरूकै भाग खोसेर पँहुचवाला अमीर बनिरहेको अवस्था छ । नेपाल सबै नागरिकको फूलबारी हो हरेक नागरिकले यस फूलबारीबाट प्रतिफल समान रूपमा लिन पाउनुपर्छ जसले गर्दा फूलबारी र फूल दुवैको संरक्षण हुन्छ । फूलबारी हडप्ने आँट कसैले गर्न सक्दैन । तसर्थ गरिबको समस्यामा रम्ने नभई खुशीमा हातेमालो गर्न आवश्यक छ ।

*–इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पिटल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पाः०७५–५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नर्योमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । शेयर बजारबाट लाभ हुनेछ । | **तुला** : परिवारमा नयाँ सदस्य थपिन सक्ने छ । क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला । |
| **वृष** : काममा व्यस्त हुने समय रहेको छ । इज्जतमा दाग लाग्न सक्छ । | **वृश्चिक** : भाषणमा प्रशंसा मिल्नेछ । परोपकारी कार्यमा संलग्न भइनेछ । |
| **मिथुन** : मित्रवर्गको सहयोगले कार्य सम्पन्न हुनेछ । कार्य क्षेत्रमा प्रगति हुनेछ। | **धनु** : घरायसी वातावरणमा असामान्यता देखिने छ । आम्दानीमा कमी आउनेछ । |
| **कर्कट** : मित्रहरूको सहयोगले काम बन्नसक्छ । पुनर्मिलनको योग पनि छ। | **मकर** : परोपकारका क्षेत्रमा लगानीको समय छ । हर्ष र प्रसन्नता छाउनेछ । |
| **सिंह** : काम देखाएर अरूको मन जित्न सकिनेछ । भाग्यले साथ दिनेछ । | **कुम्भ** :जिम्मेवारी वहन गर्ने समय आएको छ । परोपकारी कार्यमा संलग्न भइनेछ। |
| **कन्या** : सामाजिक क्षेत्रको भ्रमण हुनसक्छ। रोकिएका काम सुरु हुन सक्छ । | **मीन** : वाणीमा कुशलता आउने दिन परेको छ । यात्रा गर्ने अवसर जुट्नेछ । |

# रामपुर नगरपालिकाद्वारा एकीकृत घुम्ती शिविर



**पाल्पा,** जेठ १४/जिल्लाको रामपुर नगरपालिकाले नागरिकहरुको सेवालाई मध्यनजर गर्दै एकीकृत घुम्ती शिविर सञ्चालन गरेको छ । नगरपालिकाले आधारभूत स्वास्थ्य केन्द्र जब्बादीमा शिविर गरेको हो ।

नगरपालिकाले कार्यालयबाट प्रदान गरिने सेवाहरु घुम्ती शिविरमार्फत वडामै पुगेर दिएको छ । शिविरमार्फत योजना फरफारक र भुक्तानी, आँख, कान दाँत सम्बन्धी स्वास्थ्य परीक्षण, व्यवसाय दर्ता तथा नविकरण, कृषि तथा पशुपंछि सम्बन्धी परामर्श र औषधी वितरण, जेष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण लगाएतका सेवा प्रदान गरिएको छ । पालिका भन्दा टाढा रहेका वडाका नागरिकहरुलाई सेवा प्रवाहमा सहज होस् भन्ने उद्देश्यले गाउँ गाउँमा पुगेर शिविरमार्फत सेवा प्रदान गरिएको नगर प्रमुख रमण बहादुर थापाले बताए । 'सिंहदरबारको अधिकार गाउँ-गाउँमा भन्ने नारालाई सार्थक बनाउन विभिन्न स्थानमा शिविर सञ्चालन गरिएको छ ।' नगरपालिकाको सेवालाई अझ सेवाग्राहीमूखी र नागरिकमैत्री बनाउनका लागि शिविरको महत्वपूर्ण भूमिका रहने बताउँदै नगर प्रमुख थापाले नागरवासीको सहजताका लागि नगरपालिका प्रतिवद्ध भएर लागेको उल्लेख गरे । उपप्रमुख बालकुमारी थापाले पालिकाको सेवा लिन गाउँबाट आउँदा दिनभरी नै लाग्ने, समय र खर्चिलो हुने कुरालाई नगरपालिकाले ध्यान दिएको बताइन् । नगरवासीको आवश्यकता र आफुलाई पायक पर्ने एकै स्थानबाट सबै सेवा प्रदान गर्न शिविर आयोजना गरिएको उनको भनाई छ । नेपाली काँग्रेस पाल्पाका उपसभापति ज्ञानबहादुर गाहाले नागरिकको आवश्यकतालाई ध्यानमा राखेर सबै सेवा प्रदान गरेकोमा नगरपालिकालाई धन्यवाद दिए । शिविरले स्थानीय सरकार भएको पूर्ण अनुभूत गराएको उनको भनाई छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्य दर्शन पण्डितले कार्यालयबाट प्रदान गरिने सबै सेवालाई प्रभावकारी र सबैको पहुँचसम्म पुऱ्याउनका लागि शिविर आयोजना गरिएको बताए । यस्तै वडा नं.९ का वडा अध्यक्ष डिलबहादुर रानाले कार्यालयसम्म पुग्न धेरै समय लाग्ने भएकाले वडावासीलाई वडाबाटै नगरपालिकाको कार्यालयबाट प्रवाह हुने सेवा प्रदान गर्न शिविर सञ्चालन गरेको उल्लेख गरे । शिविरमा योजना फरफारक ७ वटा, १ सय ५२ जनाले पशु सेवा ,व्यवसाय नविकरण तथा दर्ता ३ वटा, १ सय ७७ जनाले आँखा जाँच, ७१ जनाको दाँत परिक्षण र १ सय ८२ जनाले स्वास्थ्य परीक्षण गराएको योजना शाखा प्रमुख विक्रम बस्नेतले बताए । उनका अनुसार १ सय २३ जनाले कृषि सेवा, १ सय ५५ जनाले ज्येष्ठ नागरिक परिचयपत्र र ७ जनाले अपाङ्गता परिचयपत्र लिएका छन् । शिविरमा आँखा परीक्षणको क्रममा ५४ जनालाई चस्मा वितरण गरिएको र ११ जनामा मोतियाविन्दु भएको भेटिएको छ । उनीहरुको यही जेठ २८ गते कालिगण्डकी आँखा उपचार केन्द्रमा अप्रेसन गरिने आँखा अस्पताल प्रमुख सुन्दर रानाले जानकारी दिए । शिविरबाट ३ सय ८८ जना सेवाग्राही लाभान्वित भएका छन् । शिविरमा कालिगण्डकी आँखा उपचार केन्द्र र रामपुर अस्पतालको प्राविधिक सहयोगमा आँखा र दाँत उपचार सेवा प्रदान गरिएको थियो ।

## खेलकुद समाचार

### नेपाललाई एसियाली च्याम्पियनको उपाधि




काठमाडौं, जेठ १४/बाढीका कारण १६ जनाको मृत्य प्रथम सीएचआईटीएफ एसियाली तेक्वान्दो प्रतियोगिताको सम्पन्न भएको छ । ललितपुरको कराँते हलमा तीन दिनसम्म जारी प्रतियोगितामा ८ एसियाली मुलुकबाट करिब एक हजार २ सय खेलाडीहरू सहभागी भउका थए । ८५ स्वर्ण ८५ कास्य र ११६ स्वर्ण पदक रहेको खेलमा २५ स्वर्णसहित नेपालले टिम च्याम्पियनको उपाधि जितेको छ ।

यस्तै १२ स्वर्णसहित बंगलादेश फस्ट रनर अफ भएको छ । ७ स्वर्णसहित मलेसियाले सेकेन्ड रनर अफको उपाधि हात पारेको छ । प्रतिस्पर्धा इन्डिभिजुल स्पाईरिङ, इन्डिभिजुल प्याट्रन र ग्रुप प्याट्रन गरी ३ विधामा भएको हो । उत्कृष्ट पुरुष खेलाडीतर्फ नेपालकै राजेश विक र महिलातर्फ उत्कृष्ट खेलाडी नुवि मान्धर हुन सफल भएका छन् । उत्कृष्ट अनुशासित समूहको उपाधि भने बंगलादेश देशले हात पारेको छ।

## कर्पोरेट/अर्थ समाचार

# रुपन्देहीमा दुई सय सात उद्योग बन्द



**भैरहवा(रुपन्देही),** जेठ १४/रुपन्देहीमा चालु आर्थिक वर्ष २०८०/८१ मा दुई सय सात उद्योग बन्द भएका छन् ।

घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीका कार्यालय प्रमुख नेत्रप्रसाद भुसालका अनुसार चालु आवको वैशाखसम्ममा रुपन्देहीमा दुई सय सात उद्योगले कार्यालयबाट लगत कट्टा गराएका छन् । गत आवमा यसरी लगत कट्टा गराउने उद्योगको सङ्ख्या दुई सय १७ रहेको थियो ।

कार्यालय प्रमुख भुसालले आर्थिकमन्दीको असर रुपन्देहीमा पनि देखिएको बताउनुभयो । उत्पादन घट्नुका साथै व्यावसायिक कारोबार पनि घट्दै गएको उहाँले बताउनुभयो । 'उद्योग बन्द गराउने मात्र हैन नयाँ दर्ता गराउने क्रम पनि घट्दै गएको छ', उहाँले भन्नुभयो, 'आव २०७९/८० मा एक हजार एक सय ३० उद्योग दर्ता भएकामा चालु आवमा सात सय २९ मात्र दर्ता भएका छन् ।' उद्योगमात्र हैन वाणिज्यतर्फको अवस्था पनि उस्तै छ । गत आवमा एक हजार तीन सय चार व्यवसाय दर्ता भएकामा चालु आवमा हालसम्म एक हजार एक सय ७५ वटा मात्र दर्ता भएका छन् । आव २०७९/८० मा व्यवसाय बन्द गराउनेको सङ्ख्या १९ वटा रहेको थियो भने चालु आवमा हालसम्म २६ वटा व्यवसाय बन्द भएको प्रमुख भुसालले जानकारी दिए ।

आर्थिकमन्दीको सबैभन्दा बढी असर उत्पादनमूलक उद्योगमा परेको उद्योग वाणिज्य सैका अध्यक्ष ठाकुरकुमार श्रेष्ठ बताउन्छन । 'रुपन्देही औद्योगिक केन्द्रको रुपमा रहेको छ, यहाँ ठूला-ठूला उद्योग छन्', उनले भने, 'कतिपय बन्द भइसके भने सञ्चालनमा रहेका पनि ३० देखि ४० प्रतिशत मात्र उत्पादन गर्ने अवस्थामा छन् ।'

रुपन्देहीमा रहेका १० सिमेन्ट उद्योगमध्ये आधा बन्द भइसकेका छन् । व्यवसाय र अन्य निर्माणजन्य उद्योगको अवस्था पनि नाजुक रहेको उनको भनाइ छ । सरकारले उद्योगी व्यापारीले राखेका सुझाव समयमै कार्यान्वयन गर्नुपर्ने उहाँको धारणा छ । अब आउने बजेटमा निजी क्षेत्रले उठाएका कुरा सम्बोधन हुनुपर्नेमा उनले जोड दिए ।

# व्यवस्था...

त्यसैकारण पनि जनतामा उतिबेला देखिएको आशा र उत्साह निराशामा बदलिएको हो । दसवर्षे जनयुद्धको जगमा तत्कालीन सात दल र नेकपा माओवादीले २०६२/६३ मा गरेको उन्नाइसदिने संयुक्त जनआन्दोलनपछि नेपालबाट राजसंस्थाको उन्मूलन भयो । २०६५ जेठ १५ गते नेपाललाई संघीय राज्य गणतन्त्रको घोषणा गरिएको थियो । गणतन्त्र आएको आज १७ औं वर्षमा प्रवेश गरेको छ । यो अवसरमा देशभर विभिन्न कार्यक्रम गरी गणतन्त्र दिवस मनाइँदै छ । तर जनतामा धेरै आशा जगाएर आएको गणतन्त्रले तिनै जनताका लागि सोचेजस्तो परिवर्तन ल्याउन भने सकेको छैन । गणतन्त्रपछि जनता बोल्न र लेख्न स्वतन्त्र भए पनि अन्य कुनै कुरामा परिवर्तन भएको महसुस गर्न सकेका छैनन् । व्यवस्थासँगै शासनशैली परिवर्तन हुन सकेको भए साँच्चै जनताले परिवर्तनको अनुभूति गर्न सक्ने थिए । तर त्यसो हुन सकेन । गणतन्त्रपछि धेरैथरी सरकार बने तर कुनै सरकारले पनि गणतन्त्रको झल्को दिने गरी काम गर्न सकेन । जनताले उल्टै राजा र राष्ट्रपतिको बीचमा भिन्नता के हो भनेर बारम्बार प्रश्न तेर्साउनुपर्ने अवस्था आइरह्यो । गणतन्त्रको परिभाषालाई नै परिमार्जिन गर्नुपर्ने हो कि भन्नेसम्मको अवस्था देखिएको छ । समग्र मुलुकको विकास र जनताको आर्थिकस्तर उकास्ने भन्दा नेताहरु आफ्नै स्वार्थमा केन्द्रीत भएको अनुभूत जनताले गरिरहेका छन् । १२ वर्षमा खोलो फर्कन्छ भन्ने नेपाली उखान नै छ । तर गणतन्त्र स्थापनाका १६ वर्ष बित्दा समेत जनताको अवस्थामा परिवर्तन आउन सकेन ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## बक्यौता महशुल बारे अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा यस तानसेन खानेपानी उपभोक्ता समितिबाट धारा जडान गरी खानेपानीको आपूर्ति नियमित प्राप्त गरिरहनुभएका केही उपभोक्ताहरुबाट नियमित खानेपानी महशुल नबुझाउनु भएकोले बुझाउनको लागि गत मिति २०८०/१०/०३ र २०८०/११/२० मा पटक-पटक पत्राचार गरिएको तर महशुल भुक्तान गर्न नआएकाले उपभोक्ता समितिको मिति २०८१ बैशाख २६ गते बसेको कार्य समितिको बैठकले अन्तिम एक पटकको लागि आगामी जेष्ठ २५ गतेसम्म बक्यौता महशुल भुक्तानी गर्न उपभोक्ताहरु माझ यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समय भित्र बक्यौता महशुल भुक्तानी गर्न नआएमा नियमानुसार धाराको लाइन बन्द गरिने पनि सूचित गरिन्छ ।

**अनुरोधक**
**तानसेन खानेपानी उपभोक्ता समिति**
**तानसेन, पाल्पा**

## सुन्तलाजात फलफूल विकास केन्द्र पाल्पाको सूचना

सूचना मिति : २०८१/०२/१५

यस केन्द्रबाट विभिन्न मितिमा विभिन्न प्रयोजनका लागि विभिन्न व्यक्ति तथा संस्थाहरुबाट नियमानुसार कट्टा गरिएको धरौटी रकम मध्ये प्रयोजन सकिएका तपशिलका धरौटी रकम फिर्ता दिने प्रयोजनका लागि आवश्यक सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस केन्द्रमा सम्पर्क राख्नुहोला अन्यथा नियम अनुसार सदर स्याहा गरी राजश्व खातामा जम्मा गरिने व्यहोरा सुचित गरिन्छ ।

| सि.नं. | धरौटी कट्टा गरिएका व्यक्ति/संस्थाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | मिलन विल्डर्स | २,४३४/- | |
| २ | बसन्त निर्माण सेवा | २,२००/- | |
| ३ | रोसन कन्स्ट्रक्सन | ४,४२०/- | |
| ४ | शुशील निर्माण सेवा | १४,६३०/- | |

## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८१/०२/१३*

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०२/०९ गतेको निर्णय तथा रैनादेवीछहरा गाउँपालिकाका. २०८१/०२/१३ गते च.नं. १८७६ को अनुमति पत्र तथा शिक्षक विकास तथा समन्वय इकाई पाल्पाको च.नं. १४८६ को पत्र अनुसार तपसिल अनुसारको अस्थायी करार शिक्षक नियुक्तको लागि तपसिल अनुसार योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट देहायको विज्ञापनको लागि दरखास्त आह्वान गरिन्छ ।

तपसिल

**विज्ञापन नं.** : ०१/०८०/०८१, **तह** : मा.वि. तृतीय , **संख्या** : १ (एक),
**विषय** : अंग्रेजी, **शैक्षिक योग्यता** : सम्बन्धित बिषयमा वि.एड. वा सो सरह ।
**निवेदन दस्तुर** : रु.१०००/-, **उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल** : नेपाल सरकारको प्रचलित नियम बमोजिम ।
**दरखास्त दिने अन्तिम मिति** : २०८१/०२/१३ गते देखि २०८१/०२/२७ गते कार्यालय समय भित्र, **सम्पर्क मिति** :२०८१/०२/२८ गते (कार्यालय समय भित्र)
**परीक्षा मिति र स्थान**: सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम** : लिखित तथा अन्तर्वार्ता
**आवश्यक कागजातहरू** : नेपाली नागरिकता, अध्यापन अनुमति पत्र, शैक्षिक योग्यता र निरोगिताकाको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति ।
परीक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।
**सम्पर्क नं.** : प्र.अ. ९८६७१२४०१८, ९८४७०००२०३, ९८४७०७०४१८
***(नोटः करार सुचीबाट दरखास्त दिने आएमा अरुको दरखास्त फिर्ता हुनेछ)***

**श्री वेद वेदाङ्ग संस्कृत तथा साधारण माध्यमिक विद्यालय**
**रैनादेवी छहरा-१, सिद्धेश्वर, देवले, अर्चले, पाल्पा**


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई